annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १३१ पृष्ठ ८ | काठमाडौं, आइतबार २२ भदौ २०८२ | भाद्र शुक्लपक्ष पूर्णिमा नेपाल संवत् ११४५ | SUNDAY, SEPTEMBER 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## एमालेको आत्मसमीक्षा, पार्टीमा मौलाउँदै अनुशासनहिनता

### अनुशासन आयोगको प्रतिवेदनले भन्यो, 'पार्टीमा गणेश प्रवृत्ति बढ्यो'

एमाले अनुशासन आयोगले पार्टीको सांगठानिक क्षेत्र र आन्तरिक जीवनमा गम्भीर समस्या देखिएको भन्दै चिन्ता व्यक्त गरेको छ । विधान अधिवेशनमा पेस गरिएको अनुशासन आयोगको प्रतिवेदनमा संगठनात्मक अराजकता बढेको, गुटगत गतिविधि मौलाएको तथा नेता/कार्यकर्तामा बिचलन आउन थालेको उल्लेख छ । यी समस्याको तत्कालै समाधान नगरे आन्तरिक जीवनमा क्षति हुन सक्ने अनुशासन आयोगको भनाइ छ ।

समाचार पृष्ठ २

सुरेन्द्र काफ्ले | *काठमाडौं*
- को रिपोर्ट



**एमालेमा देखिएका समस्या**

- कुण्ठा र अतृप्त महत्वकांक्षा मौलाउँदो
- वैयक्तिक स्वार्थहरू बढ्दै
- लाभ र अवसरको अनुचित आशक्ति
- विचार र आचरणमा समस्या
- सांगठानिक अराजकता
- अपारदर्शी आर्थिक गतिविधि
- आत्मकेन्द्रित संकिर्णताको प्रतिविम्ब : गुटगत गतिविधि
- दक्षिणपन्थी अवसरवाद हाबी

## हुन्डाईको कारखानामा छापा, ४७५ आप्रवासी कामदार पक्राउ

सुरज भण्डारी | *अमेरिका*

जर्जियाको सवनाह सहरनजिक रहेको दक्षिण कोरियाली मोटर उत्पादन कम्पनी हुन्डाईको निर्माण कारखानामा अमेरिकाको डिपार्टमेन्ट अफ होम ल्यान्ड सेक्युरिटीअन्तर्गत अध्यागमन तथा भन्सार प्रवर्तन विभाग (इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट, आइस) ले छापा मारेको छ। करिब एक महिनाको अनुसन्धानपछि उत्पादन कारखानामा छापा मारिएको आइसले जनाएको छ।

अमेरिकामा काम गर्न अनुमति नभएकाहरूलाई त्यहाँ काममा लगाइएको सूचनापछि अनुसन्धान थालिएको र अनुसन्धानपछि छापा मारिएको आइसले उल्लेख गरेको छ। जहाँबाट कागजात नभएका ४ सय ७५ जनालाई समातिएको आइसले जनाएको छ। जसमध्ये अधिकांश दक्षिण कोरियाली नागरिक हुन्।




आइसले कुन देशका कति थिए भनेर एकिन तथ्यांक नबताए पनि दक्षिण कोरियाली विदेश मन्त्रालयले आफ्ना नागरिक ३ सय जना रहेको बताएको छ।

जर्जिया राज्यको एटलान्टा सहरबाट करिब ४ सय किलोमिटर टाढाको सहर सवनाह सहरको करिब ४० किलोमिटर पश्चिममा ब्रायन काउन्टीमा हुन्डाई कम्पनीले इलेक्ट्रिक गाडी उत्पादनको कारखाना गत वर्ष सञ्चालनमा ल्याएको थियो।

» बाँकी पृष्ठ ६

## तातोपानी क्षेत्रमै रोकिए १७०० कन्टेनर, दसैंका सामग्री बाटोमै

सुन्दर शिरीष | *सिन्धुपाल्चोक*

उत्तरी नाका तातोपानी क्षेत्रमा पहिरोले सडक अवरुद्ध हुँदा चीनबाट भित्रिएका दसैंका सामग्री आयात हुन सकेका छैनन्। भोटेकोशी गाउँपालिका-२ इको क्षेत्रमा साउन १८ गते खसेको ठूलो पहिरोका कारण अवरुद्ध भएको अरनिको राजमार्ग अझै पूर्णरूपमा सञ्चालन हुन सकेको छैन। जसका कारण व्यवसायीहरूले आयात गरेका दसैंका सामग्री एक हिनादेखि बाटोमै रोकिएका छन्।

तातोपानी भन्सार प्रमुख राजेन्द्रप्रसाद चुडालले बाटो खुलाउने प्रयास भइरहे पनि दसैंअघि बाटो खुल्न कठिन भएको बताए। सडक बन्द भएपछि करिब एक हजार सात सय कन्टेनर तातोपानी क्षेत्र चिनियाँ भूभागमा रोकिँदा व्यापारी मर्कामा परेका छन्। हिमालय सीमापार



वाणिज्य संघका अध्यक्ष रामहरि कार्कीले तातोपानीमा १ हजारभन्दा बढी कन्टेनर रोकिएको बताए। 'दसैं-तिहारका लागि आयात गरिएका सामान दसैंपछि आइपुगे के अर्थ भयो र ?' अध्यक्ष कार्कीले भने, 'तातोपानी नाकाको जम्मा ३० मिटर पहिरो हो, जसरी पनि हटाएर अविलम्ब राजमार्ग खुलाउनुपर्छ।'

हिमालय सीमापार वाणिज्य संघले ल्हासास्थित महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलामार्फत नेपाल पठाउने कन्टेनरको संख्या बढाइदिन चिनियाँ पक्षसँग अनुरोध गरेको कार्कीले जानकारी दिए। खासा भन्सारले कन्टेनर संख्या बढाउने भने पनि नेपालतर्फ तातोपानीमा सडक अवरुद्ध भएकाले आयातमा समस्या देखिएको उनले प्रस्ट्याए। 'हामीले संख्या बढाऊ त भन्यौं। तर, नेपालतर्फ नै समस्या छ,' उनले भने।

» बाँकी पृष्ठ ६

